# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७७ साल पौष ४ गते शनिवार)

**आदरणीय सेयरधनी महानुभावहरु,**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०७७ पौष ३ गते बसेको २३९ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि, यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७७ पौष २५ गते, शनिवार (तदनुसार जनवरी ९, २०२१)

**समय** : बिहान ११:००, बजे ।

**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, विरौटा, पोखरा ।
(हाल विश्वभर फैलिरहेको कोभिड-१९ को महामारीका कारण नेपाल सरकारले तोकेको सिमाभित्र मात्र सेयरधनी महानुभावहरु वार्षिक साधारण सभामा प्रवेश गर्न सक्ने भएतापनि सेयरधनीहरुको अधिक उपस्थितिका लागि अनलाइन (भर्च्युएल) माध्यमबाट समेत साधारण सभामा उपस्थित गराउने व्यवस्था गरिएको छ ।

## छलफलका विषयहरु :

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७६/०७७ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) को ४.२५७४ प्रतिशतले हुने रकम रु.१८,४१,३२,१०२.३८ (अक्षरेपी अठार करोड एकचालीस लाख बत्तीस हजार एक सय दुई रुपैयाँ अड्तीस पैसा मात्र) (वोनस सेयर र नगद लाभाँशको कर सहित) नगद लाभाँश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्त पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) को ११.२५ प्रतिशतका दरले हुन आउने रकम रु.४८,६५,६१,३१७.१८ (अक्षरेपी अड्चालीस करोड पैंसट्ठी लाख एकसट्ठी हजार तिन सय सत्र रुपैयाँ अठार पैसा मात्र) वोनस सेयर वितण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको चुक्ता पूँजी रु.४,३२,४९,८९,४८६/-(अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) बाट ११.२५ प्रतिशतले हुन आउने रकम रु.४८,६५,६१,३१७.१८ (अक्षरेपी अड्चालीस करोड पैंसट्ठी लाख एकसट्ठी हजार तिन सय सत्र रुपैयाँ अठार पैसा मात्र) बोनस सेयर बितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र ) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्वन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

५. विविध :

**द्रष्टव्यः** चौधौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७७ पौष १३ गते, देखी २०७७ पौष २५, गते सम्म यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले
**डण्डपानी ढकाल**
(कम्पनी सचिव)

## चौधौं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :

१. चौधौं वार्षिक साधारण सभालाई ध्यानमा राखी, मिति २०७७ पौष १३ गते देखि २०७७ पौष २५ गते सम्म विकास बैंकको सेयरधनी दर्ता किताब बन्द (Book Closed) रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७ पौष १२ गते सम्म कारोबार भई, प्रचलित कानून बमोजिम यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि.(Muktinath Capital Ltd.) कमलादी, काठमाण्डौमा, प्राप्त सेयर नामसारीको विवरणको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरु सो सभामा भाग लिन, साथै बोनश सेयर तथा नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने सम्पूर्ण सेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. अनलाइन (भर्च्यूएल) माध्यमबाट उपस्थित भई साधारण सभामा सहभागी हुन, मतदान गर्न तथा मन्तब्य राख्न चाहनुहुने सेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको सेयर प्रमाणपत्र तथा DMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी कम्पनी सचिवको इमेल ठेगाना dandapani.dhakal@muktinathbank.com.np इमेल पठाउनु पर्नेछ । यसरी प्राप्त भएका इमेलमा अनलाइन (भर्च्यूएल) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting ID / Password उपलब्ध गराइनेछ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने सेयरधनी महानुभावहरुलाई सभामा उपस्थित भएसरह मान्यता दिइनेछ । सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावहरुले लिखित रुपमा इमेल मार्फत समेत दिन सक्नुहुनेछ ।

४. सभा सुरु हुनुभन्दा एक घण्टा अगाडिनै (भर्च्यूएल) माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने सेयरधनी महानुभावहरुले दिइएको Meeting ID र Password को माध्यमबाट Login गरी आफ्नो परिचय, DMAT खाता नं. र सेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनुपर्नेछ ।

५. सेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न सेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन विहान ०९:०० बजे देखि खुल्ला रहनेछ । कोभिड-१९ को महामारीका कारण सभामा उपस्थित हुँदा सामाजिक दुरी कायम गर्ने र मास्क पंजा लगायतका न्यूनतम सुरक्षाका उपकरणहरुको प्रयोग गर्न सम्पूर्ण सेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । नेपाल सरकारले तोकेको सिमा भन्दा बढी व्यक्तिहरु भेला हुन नपाइने भएको हुँदा अनलाइन (भर्च्यूएल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाइएको व्यहोरा जानकारी गराइन्छ ।

६. छलफलका विषयहरु मध्ये, विविध शिर्षक अर्न्तगत कुनै प्रस्ताव भएमा, छलफल गर्न इच्छुक सेयरधनीले, साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै, छलफलको विषयको जानकारी, कम्पनी सचिव मार्फत, सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

७. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने सेयरधनीहरुले, प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा, प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी, सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा आगावै, अर्थात मिति २०७७ पौष २३ गते दिनको ११:०० बजे भित्र बैंकको केन्द्रीय कार्यालय काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा दर्ता गराई सक्नु पर्ने छ । बैंकको सेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी ब्यक्तिलाई आफ्नो सेयर बिभाजन गरी, तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिएको प्रोक्सी बदर हुने छ ।

८. प्रोक्सी नियुक्त गरी सक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा दिईसकेको प्रोक्सी स्वतः बदर हुने छ ।

९. एकै सेयरधनीले एक भन्दा बढी प्रोक्सीहरु दिइसकेको अवस्थामा यस अघि दिइएका सवै प्रोक्सी बदर गरी पछिल्लो प्रोक्सीलाई मान्यता दिइयोस भनि छुट्टै पत्र लेखि, ४८ घण्टा अगावै अर्थात, २०७७ पौष २३ गते दिनको ११:०० बजे भित्र दर्ता गराएको अवस्थामा, अघिल्ला प्रोक्सीहरु स्वतः बदर भएको मानी, पछिल्लो प्रोक्सी लाई मान्यता दिइने छ ।

१०. नावालक सेयरधनीको सन्दर्भमा, सेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न समेत सक्नु हुनेछ ।

११. साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध छ ।

**पुनश्चः** कम्पनीको आर्थिक विवरण, सेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाइएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, सेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौमा तथा यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि. कमलादी, काठमाण्डौंमा आई, निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । आर्थिक विवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website: www.muktinathbank.com.np मा हेर्न सक्नुहुनेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
**Tel:** 01-4168683 (Hunting Line), **Toll Free No.:** 16600149999, **Fax No.** 01-4168684
**E-mail:**info@muktinathbank.com.np, **Web:** www.muktinathbank.com.np

Member of
Global Alliance for Banking on Values

Winner of
EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

3x48